नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५




वर्ष ३३ अंक २७ २०८० साल भदौ २ गते शनिबार (19 Aug. 2023 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मेरो भ्वाइस र डान्स युनिभर्सको. ३ पृष्ठमा : अब श्रम विभागका सम्पूर्ण सेवा ... ३ पृष्ठमाभारतको मणिपुरमा जारी...

# विशेष अदालतद्वारा निलम्बित मेयर दोषि ठहर

## न्यायका लागि मतदातादेखी सर्वोच्च अदालतसम्म पुग्ने : भिमराज

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौं ।**

विशेष अदालतले राजविराजका निलम्बित मेयर भिमराज यादवलाई दोषि ठहर गर्दै २ लाख ६३ हजार ४ सय ६८ रुपैया जरिवाना तोकेको छ।

मेयरमा निर्वाचित हुनु अघि यादव संचालक रहेका न्यू गहिल कन्स्ट्रक्सनद्वारा आ.ब. २०७४/७५ मा राजविराजस्थित राजरंगशालाको स्तरोन्नती कार्यमा भ्रष्टाचार भएको दाबी गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीलगायत ७ जना बिरुद्ध २०७९ साल असार २९ गते विशेष अदालतमा



आरोप पत्र दायर गरेको थियो। सोही मुद्दामा बिहीबार विशेष अदालतले उनलाई दोषि ठहर गरि जरिवाना तोकेको हो।

सोही मुद्दाका प्रतिवादी जिल्ला समन्वय समितिका इन्जिनियर विकास श्रेष्ठलाई ६ महिना कैद तथा उदय निर्माण सेवाका संचालक उदय श्रेष्ठलाई २ लाख ६३ हजार ४ सय ७० रुपैया जरिवाना भराउन विशेष अदालतको आदेशमा उल्लेख छ।

यस्तै सोही प्रकरणमा आरोपी जिल्ला खेलकुद विकास समितिका तत्कालिन अध्यक्ष एजेट त्यासुर, उपाध्यक्ष धिरेन्द्र बर्मा धिरु, कार्यालय प्रमुख लक्ष्मण मण्डल र नासु महेन्द्र यादवलाई भने विशेष अदालतले सफाई दिएको छ।

आयोगद्वारा दायर गरिएको आरोपपत्रमा उक्त निर्माण कम्पनीका संचालक रहेका यादवले निर्धारित शर्त तथा मापदण्ड (स्पेसिफिकेशन) विपरित कार्य गरि त्यस्तो कार्यलाई शर्त तथा मापदण्ड बमोजिम नै भएको भनि प्रमाणित र स्विकृत गराई २ लाख ६३ हजार ४ सय ६८ रुपैया ४० पैसा बढी भुक्तानी लिएको उल्लेख छ।

यसैबीच जरिवाना तोकिएका राजविराजका निलम्बित मेयर यादवले आफू न्यायका लागि मतदातादेखी सर्वोच्च अदालतसम्म पुग्ने बताएका छन्। यादव बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा परेको भ्रष्टाचार मुद्दामा अघिल्लो दिन बिहीबार विशेष अदालतले जरिवाना तोकेपछि उनको यस्तो प्रतिक्रिया आएको हो।

उनले आफू अन्यायमा परेको जिकिरका साथ न्यायका लागि जनता हुँदै सर्वोच्च अदालतसम्म जाने संचारकर्मीलाई बताएका छन्। विशेष अदालतबाट भएको फैसला बिरुद्ध सर्वोच्च जाने अधिकार सुरक्षित रहेकाले पुनरावेदनका लागि सर्वोच्च अदालत पुग्ने उनको भनाई छ।

उनले आफू निर्दोष भएको दाबीका साथ लागेको कलंक मेटाउन पनि जनता हुँदै सर्वोच्च अदालत पुग्नु जरुरी भएको प्रष्ट पारेका छन्। उनले सुरुवाती चरणमा नगर क्षेत्रका मतदाताको घर घर गएर सल्लाह सुझाव लिने र त्यसपछि सर्वोच्च अदालत पुग्ने योजना रहेको सुनाए।

२०७९ जेठ ९ गते पदभार ग्रहण गरेको एक महिना २१ दिन नबित्दै भ्रष्टाचारको आरोप लागेका मेयर यादव निलम्बनमा परेका थिए।

# भारदह अस्पतालमा थप शैयासँगै सेवा बिस्तार



**दैनिक समाचारदाता**
**राजविराज, १ भदौं ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित भारदह अस्पतालमा शुक्रबार शैया थपिनुका साथै सेवा बिस्तार गरिएको छ।

मधेश प्रदेश सरकारको लगानीमा थप नयाँ भवन निर्माण गरेर प्रसुती तथा शल्यक्रिया कक्ष बिस्तार गरिएको हो।

थपिएको नयाँ शल्यक्रिया तथा प्रसुती कक्ष भवनको शुक्रबार उद्घाटन र सेवा शुभारम्भ गर्दै मधेश प्रदेशका स्वास्थ्य मन्त्रि बिरेन्द्र सिंहले अस्पतालमा थप सेवा बिस्तार तथा आवश्यक जनशक्तिपूर्तीका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए।

उनले अब कोही पनि नागरिक गरिबीका कारण उपचारबाट बञ्चित हुनु पर्ने अवस्था नआओस भन्ने मनसायले विभिन्न कार्ययोजना बनाएर अघि बढेको समेत जानकारी दिए।

यस्तै अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. उत्तम देवले शैया र सेवा दुबै बिस्तार गरिएपछि उपचारमा आउने बिरामीलाई राहत मिल्ने अपेक्षा गरिएको बताए।

हनुमाननगर कंकालिनी नगरपालिकाका नगर प्रमुख बिरेन्द्र माझीले क्षमताभन्दा दोब्बर बिरामी आउँदा अस्पताल अस्तव्यस्त हुने गरेकाले नगरपालिकाको साधनश्रोतले पनि भ्याएसम्म सहयोग गरि विशेषज्ञसहितको थप उपचार सेवा बिस्तार गरिएको बताए।

१५ शैयाको स्वीकृती पाएर संचालनमा रहेको अस्पतालमा बिरामीको बढ्दो चापलाई ध्यानमा राखी १८ शैया थपेर ३३ शैयाको अस्पताल बनाइएको छ। नवनिर्मित भवनमा कुल २२ वटा कोठा छन्। जसमा ६ वटा शल्यक्रिया कक्षका लागि छुट्याइएका छ भने अन्य कोठाहरु प्रसुती गृह, एसएनसियु, भेन्टिलेटर, स्वास्थ्य परिक्षण, बिरामी कक्ष लगायत परियोजनका लागि

*बाँकी तीन पृष्ठमा*


# Vacancy Announce

At Gautam Shishu Sadan S.E.B. School, Rajbiraj 7, Saptari, Require Qualified Teacher for the following Post :

| S.N. | Subject | No. of Teacher | Level | Qualification |
|---|---|---|---|---|
| 1. | English & Social Study Or Mero Serofero | 1. | Lower Secondary | Bachelor In Related Subjects |

Note : Interested Candidate should Contact in School or Following Numbers :
Contact us : **9852820343, 9842822101, 9842957574**



## आखाँ पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु

- बरफले आँखा सेक्ने।
- सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सेक्ने।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदी दैनिक धुने।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरुलाई प्रयोग गर्न नदिने।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधी प्रयोग नगर्ने।
- दृष्टि कम हुने लगायको आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सँम्पर्क गर्ने

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सामाजिक संजालको प्रयोगमा सावधानी अपनाऔं

सामाजिक संजालको प्रयोगमा सावधानी अपनाउने अवस्था आएको छ । अहिले विश्वभरि नै सामाजिक संजाल प्रयोगकर्ता बढ्दै गएको छ । यता सामाजिक संजालबाट विभिन्न अपराधका घटना समेत बढ्दै गएको छ । सामाजिक संजाललाई अहिले मनोरन्जनको रुपमा बढी प्रयोग भएको पाइएको छ । बालबालिकादेखी बृद्धबृद्धासम्मले यसलाई प्रयोग गरेको देखिन्छ । यति मात्र नभएर यसको प्रयोगका कारण बालबालिकाहरुको पढाईमा बाधा पुगेको छ । बालबालिकाहरु पढाई छोडेर दिनभर मोबाइलमार्फत सामाजिक संजाल प्रयोग गरेको देखिन्छन् । जसले गर्दा उनीहरु एकहोरो समेत बन्दै गएका छन् ।

यस्तै जुनसुकै बेला पनि मोबाइलमार्फत सामाजिक संजाल अल्भिरहनुले घर वा बाहिर एक मानिसले अर्को मानिससँग बोल्न सम्म भ्याइरहेका हुँदैनन् । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ भने प्रत्यक्ष रुपमा सम्बन्ध समेत बिगार्दै गएको छ । यसले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग समेत भइरहेको छ । यसबाट अपराध पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी) अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

तसर्थ यस्ता अपराध हुनबाट जोगिन व्यक्ति आफै सतर्क हुनु जरुरी छ भने यसको प्रयोग गर्दा अत्यन्त सावधानी अपनाउनु पनि आवश्यक छ । सकेसम्म सीमित मात्रा यसको प्रयोग गर्नु उचित हुन्छ । सामाजिक संजालको प्रयोग अन्य कामहरु सकेर फुर्सतको बेला गर्दा उपयुक्त हुने तथा यसलाई बानीको रुपमा नगरेर मनोरञ्जनको रुपमा मात्र लिन सकिए अति उत्तम हुन्छ ।

# मेरो भ्वाइस र डान्स युनिभर्सको प्रतिस्पर्धा : कसले जित्ला एक करोड पुरस्कार ?

काठमाडौं, १ भदौ (रासस) ।

नेपालमा अहिलेसम्मकै सर्वाधिक धनराशिको पुरस्कार राखिएको गायन प्रतियोगिता 'मेरो भ्वाइस युनिर्भस' र नृत्यतर्फको 'मेरो डान्स युनिर्भस' को अन्तिम प्रतिस्पर्धा भोलि शनिबार हुने भएको छ । यी दुई प्रतियोगिताका अन्तिम पाँच-पाँच प्रतियोगीले बिजेता बन्न शनिबार प्रतिस्पर्धा गर्दैछन् ।

इन्ट्रा नेपाल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाले सञ्चालन गरिरहेको दुवै प्रतियोगिताका विजेताले जनही रु एक करोड, उपविजेताले रु ३० लाख र दोस्रोले रु २० लाखसँगै अरु विभिन्न पुरस्कार प्राप्त गर्नेछन् । शनिबार गोदावरीको सनराइज कन्फ्रेन्स हलमा हुने अन्तिम पाँचमा रहेका 'टप फाइभ' बीचको 'ग्रान्ड फिनाले'को नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्नेछ । नृत्यअन्तर्गत सामूहिक नृत्य पनि छ र त्यसमा प्रथम हुनेले रु ३० लाख पुरस्कार प्राप्त गर्नेछ ।

गायन प्रतियोगिता 'मेरो भ्वाइस युनिभर्स'तर्फ सिक्कमका शिशिर ठटाल र प्रितम राई, दार्जलिङका साइराज खाती तथा नेपालको सङ्खुवासभाका परेश राई र काभ्रेका शरद् हुमागाईं अन्तिम पाँचमा हुनुहुन्छ । यस्तै नृत्य प्रतियोगिता 'मेरो डान्स युनिभर्स'तर्फ मिङ्मा डि लेप्चा (सिक्किम), खुसी कार्की (थाइल्यान्ड), देवी गर्बुजा मगर (बेल्जियम) तथा नेपालको नेशन सुस्लिङ मगर महोत्तरी र गोरखाका स्वस्तिक अर्याल अन्तिम छ मा हुनुहुन्छ ।

तीन महिनासम्म प्रसारण भएका दुई कार्यक्रमले संसारभर रहेका नेपालीको ध्यान तान्न सफल भएको नेपाल तथा विश्वमा रहेका नेपाली कलाकारहरूले बताएका छन् । दुवै प्रतियोगितामा अन्तिम प्रतिस्पर्धाको तयारीमा रहेका प्रतिभाहरूले यही प्रतिस्पर्धाका लागि आफ्नो मातृ तथा पितृभूमि नेपाल आउन पाएकामा खुसी व्यक्त गर्दै अन्तिम प्रतिस्पर्धामा रहेको भए पनि आफूहरूले एकले अर्कालाई सफल भएको देख्न चाहेको बताउँछन् ।

फाउन्डेसनका अध्यक्ष डिल्ली अधिकारीले संसारमा छरिएर रहेका नेपाली जातिबीचको आपसी सद्भावलाई कायमै राख्न र नेपाली भाषा र संस्कृतिलाई उनीहरूमाझ जीवन्त राखिराख्न सघाउने उद्देश्यले यो गायन र नृत्य प्रतियोगिताको आयोजना गरिएको बताउँदै आउनुभएको छ ।

आगामी वर्षहरूमा यस कार्यक्रमलाई अझै परिस्कृत, विश्वव्यापी र भव्य बनाउने योजना रहेको पनि अध्यक्ष अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "एउटै मञ्चमा विश्वभरका प्रतिभाशाली नेपाली सुन्दर फूल देखिए । उनीहरूको सपनासँगै कला र संस्कृतिलाई हामीले विश्वभरका नेपाली र नेपालीभाषीसम्म पुनः पुऱ्याउन सफल भएका छौं । यसबाट संसारका सबै नेपाली खुसी छन्, उनीहरूले आगामी दिनमा यस कार्यक्रमले निरन्तरता पाओस् भन्ने कामना पनि गरेका छन् ।"

गायन प्रतियोगिताका निर्णायकमा 'मेरो भ्वाइस युनिभर्स'मा गायक दीप श्रेष्ठ, सुरेश अधिकारी, अञ्जु पन्त, पुष्पन प्रधान, सुजता बर्मा हुनुहुन्छ भने नृत्य प्रतियोगिता 'मेरो डान्स युनिभर्स'मा अभिनेत्री मिथिला शर्मा, शङ्कर बिसी, दिलीप रायमाझी, प्रियङ्का कार्की, केकी अधिकारी र नरमान राई निर्णायक हुनुहुन्छ ।

यी प्रतियोगिताका लागि उक्त फाउन्डेसनले गत वर्षदेखि विश्वका बिभिन्न ५२ देशबाट प्रतिभा छानेको थियो । ती देशबाट गायनमा एक सय २० र नृत्यमा एक सय २० जना कलाकार छानी उनीहरूलाई तीन महिनाअघि नेपाल ल्याएर प्रतिस्पर्धा गराएको थियो ।

ती प्रतिस्पर्धाबाट छानिएका अन्तिम पाँच-पाँच जनाले गायन र नृत्यमा विजेता बन्नका लागि शनिबार अन्तिम प्रतिस्पर्धा गर्ने भएका हुन् । यो प्रतिस्पर्धालाई नेपाली कलाकारले नेपालको अहिलेसम्मको सर्वाधिक ठूलो राशिको पुरस्कारका कारण आकर्षक हुनुका साथै विश्वको बिभिन्न भूगोलमा छरिएर रहेका नेपालीहरूको चासोको प्रतिस्पर्धाका रूपमा रहेको बताएका छन् ।

# फोहर फ्याँक्नेमाथि सार्वजनिक मुद्दा चलाइने

वीरगन्ज (पर्सा), १ भदौ (रासस) ।

सडकमा जथाभावी फोहर फ्याँक्नेलाई शुक्रबारदेखि वीरगन्ज महानगरपालिकाले जरिवानासँगै सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने भएको छ । महानगर क्षेत्रलाई सुन्दर, सफा, स्वच्छ र पर्यावरणयुक्त नमूना महानगर बनाउने उद्देश्यका साथ नियमित सरसफाइसँगै जथाभावी फोहर फ्याँक्नेलाई जरिवाना गर्दै आएको वीरगन्ज महानगरले शुक्रबारदेखि सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने भएको हो ।

महानगरका सडक तथा गल्लीमा जथाभावी फोहर फाल्नेसँग जरिवाना तिराउँदै आएको महानगरपालिकाले अब जरिवानासँगै फोहर फ्याँक्नेउपर सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने तयारी गरेको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सर्फद्दिन मियाँले जानकारी दिनुभयो ।

"जथाभावी फोहर फ्याँक्नेसँग हामीले २०७९ पुस १७ गतेदेखि जरिवाना तिराउँदै आएका छौं, अझै फोहर फाल्ने क्रम रोकिएको छैन्", उहाँले भन्नुभयो, "जरिवाना गर्दा फोहर फाल्ने केही कम त भएको छ, तर अपेक्षाकृत घटेको छैन । त्यसैले अब फोहर फाल्नेलाई जरिवानामात्रै होइन, सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने तयारी गरेका छौं ।"

सरसफाइ शाखा प्रमुख मियाँका अनुसार हालसम्म जथाभावी फोहर फ्याँक्ने पाँच सय ७५ व्यक्ति र संस्थाबाट महानगरले रु १७ लाख ५४ हजार जरिवानावापत राजस्व सङ्कलन गरेको छ । आर्थिक बर्ष २०७९/८० मा जरिवानाबाट रु १५ लाख ३६ हजार तथा चालु आव २०८०/८१ को साउनमा जरिवानावापत रु दुई लाख १८ हजार राजस्व सङ्कलन भएको छ ।

"घर, पसल र कार्यालयबाट निस्किने फोहर जतातत फ्याँक्ने स्थानीयमा प्रवृत्ति छ", उहाँले भन्नुभयो, "त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान सुरु गरेका छौं ।" यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएको उहाँको भनाइ छ ।

सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको छ । महानगरपालिको वडा नं १ देखि ३२ वटै वडामा वीरगन्जस्थित पृथीतारा एमके इन्टरनेसनल जेभीसँग गत २०७६ जेठ २ सम्झौला गरी नियमित सरसफाइ गर्दै आएको छ । बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सरसफाइ भइरहेको छ । नालाको सरसफाइ महानगर आफैँले गर्छ भने सडकको सरसफाइ साझेदार संस्था पृथी तारा एनके इन्टरनेशन जेभीले गरिरहेको छ ।

# फेसबुक आइडी ह्याक गरेर ठगी गर्ने पाँच जना पक्राउ

काठमाडौं, १ भदौ (रासस) ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले विभिन्न व्यक्तिको ३० वटा फेसबुक आइडी ह्याक गरेर उनीहरूका नजिकका व्यक्तिसँग पैसा उठाएर ठगी गर्ने कार्यमा संलग्न पाँच जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बारा जितपुर सिमरा उपमहानगरपालिका-१७ रामनगर घर भई हाल काठमाडौं महानगरपालिका नयाँ बसपार्क बस्ने सीमान्त लामा, अमन्त लामा, अनुप श्रेष्ठ, रोहन गुरुङ तथा पोखरा महानगरपालिका-१० घर भई नयाँ बसपार्क बस्ने शुभेक्षा गुरुङ रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार पक्राउ परेको उक्त समूहले हालसम्म विभिन्न व्यक्तिको ३० वटा फेसबुक आइडी ह्याक गरी त्यसबाट उनीहरूले रु १४ लाख ५८ हजार ठगी गरेको खुलेको तथा हालसम्म २२ जना पीडित काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको सम्पर्कमा आएका छन् । विभिन्न व्यक्तिका फेसबुक आइडी ह्याक गरेर उनीहरूले म्यासेन्जरबाट म्यासेज गरी ई-सेवा र खल्तीजस्ता वालेटमा पैसा हाल्न लगाइ ठगी गर्ने गरेका थिए ।

त्यसमा सीमान्तले आइडी ह्याक गर्ने गर्थे भने अमन्तले विभिन्न बहानामा रकम माग गर्ने, शुभेच्छा तथा अनुपको काम भनेको वालेटमा आएको रकम झिक्ने काम रहेको र रोहनले भने उनीहरूलाई सीमकार्ड उपलब्ध गराउने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो ।

पक्राउ परेकालाई ठगी तथा विद्युतीय कारोबार ऐन २०६३ बमोजिम थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# अब श्रम विभागका सम्पूर्ण सेवा अनलाइनमार्फत

काठमाडौँ, १ भदौ (रासस)।

सरकारले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई पूर्ण 'डिजिटाइज' गरी सम्पूर्ण सेवा अनलाइनमार्फत प्रवाह सुरु गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा शुक्रबार आयोजित कार्यक्रममा मन्त्री शरत्सिंह भण्डारीले एकीकृत श्रम व्यवस्थापन सूचना प्रणालीको शुभारम्भ गर्नुभयो।

विभागले उक्त प्रणालीमार्फत विभाग तथा मातहत निकायबाट प्रवाह हुने सेवा अनलाइनबाट प्रदान गर्न थालेको छ। ट्रेड युनियन दर्ता, नवीकरण, नेपालमा काम गर्ने विदेशी श्रमिकको श्रम स्वीकृति, श्रमिक आपूर्तिकर्ताको दर्ता/नवीकरण, व्यवसायजन्य दुर्घटना विवरण दर्ता, श्रम अडिट पेस र प्रतिष्ठान दर्तालगायत सेवा अनलाइनमार्फत गर्न सुरु गरिएको विभागका निर्देशक मणिनाथ गोपले जानकारी दिनुभयो।

विभागमार्फत प्रदान हुने सेवा धधधधःफिष्कामयियिकानयखालउ बाट लिन सकिनेछ। विभागले विदेशी नागरिकको श्रम इजाजत, श्रमिक आपूर्तिकर्ता र ट्रेड युनियनसम्बन्धी कार्य गर्दै आएको छ। सूचना व्यवस्थापन प्रणालीबाट विदेशी नागरिकलाई श्रम स्वीकृति प्रदान गर्ने र खारेजी गर्ने, श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र जारी, नवीकरण, सेवा तथा कार्यक्षेत्र परिवर्तन र थपघट, इजाजतपत्र खारेजीलगायतको काम हुनेछ।

यस्तै श्रम अडिट पेश गर्ने, व्यवसायजन्य दुर्घटनाको विवरण दर्ता, प्रतिष्ठान तथा श्रमिकको तथ्याङ्क अद्यावधिक, श्रम विवादसम्बन्धी निवेदन दर्ता, ट्रेड युनियन दर्ता तथा नवीकरण, नाम परिवर्तन, खारेजी र विधान संशोधनलगायतको गर्न सकिने छ। यसअघि उक्त सेवा विभाग वा मातहतका कार्यालयमा भौतिकरूपमा उपस्थित भएर लिनुपर्ने अवस्था थियो। विभागले भद्रपुर, विराटनगर, जनकपुर, वीरगञ्ज, हेटौँडा, टेकु, पोखरा, बुटवल, नेपालगन्ज, सुर्खेत र धनगढीस्थित कार्यालयबाट सेवा प्रवाह गर्दै आएको छ।

अनलाइनबाट सेवा प्रवाह हुन थालेपछि सेवाग्राहीलाई विभाग वा कार्यालयमा पटकपटक आइरहनुपर्ने झन्झटबाट मुक्ति मिल्ने, समयको बचत हुने, अभिलेख व्यवस्थित हुने, 'पेपरलेस र फेसलेस' सेवा प्रदान, सहजरूपमा तथ्याङ्क प्राप्त हुने प्रतिष्ठान तथा श्रमिकको तथ्याङ्क अद्यावधिक हुने विभागका महानिर्देशक केशवप्रसाद विमलीले जानकारी दिनुभयो।

विभागले गत आर्थिक वर्षमा ९७ देशका दुई हजार नौ सय ९८ विदेशी नागरिकलाई श्रम इजाजत प्रदान गरेको छ। विभागका अनुसार गत आवमा ५२ वटा श्रमिक आपूर्तिकर्ता इजाजतपत्र प्रदान, तीन सय ६१ वटा नवीकरण, दुई वटा ट्रेड युनियन महासङ्घ दर्ता, १८ वटा ट्रेड युनियन दर्ता, ६१ वटा ट्रेड युनियन नवीकरणलगायतको काम सम्पन्न गरेको थियो।

**श्रम बजारलाई व्यवस्थित: मन्त्री भण्डारी**

कार्यक्रममा श्रम मन्त्री भण्डारीले अनलाइन प्रणाली कार्यान्वयनमा आएसँगै नेपालको श्रम बजार व्यवस्थित र मर्यादित हुने बताउनुभयो। उहाँले सुशासनको अनुभूति दिन गरी सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउने उद्देश्यले अनलाइन प्रणाली सुरु गरिएको उहाँको भनाइ छ।

"सेवा प्रवाहलाई डिजिटाइजेसन गर्ने उद्देश्यले मन्त्रालय मातहतका सबै सेवा अनलाइन प्रणालीमा लगिएको हो", उहाँले भन्नुभयो। स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई सवलीकरण गरी वैदेशिक रोजगार, आन्तरिक रोजगारी र सीप परीक्षणसम्बन्धी सेवालाई स्थानीय तहमा पुऱ्याइने उहाँको भनाइ थियो।

विभागका महानिर्देशक विमलीले विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने उद्देश्यका साथ देशभरका सबै कार्यालयबाट अनलाइन सेवा सुरु गरिएको बताउनुभयो। अनलाइन प्रणालीको सञ्चालनसँगै छिटोछरितो सेवा प्रवाह हुने, व्यवसायस्थलबाटै सेवा प्राप्त गर्न सकिने उहाँको भनाइ छ।

# कोशी प्रदेशका मुख्यमन्त्री थापाले भदौ ४ गते विश्वासको मत लिने

मोरङ, १ भदौ (रासस)।

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले यही भदौ ४ गते सोमबार दिनको १ बजे विश्वासको मत लिने हुनुभएको छ।

प्रदेशसभाका उपसभामुख सिर्जना दनुवारले मुख्यमन्त्री थापालाई भदौ ४ गते दिनको १ बजे प्रदेशसभाबाट विश्वासको मत लिन समय दिनुभएको कोशी प्रदेशसभाका सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिनुभयो।

मुख्यमन्त्री थापाले शुक्रबार दिउँसो प्रदेशसभा सचिवालयमा नेपालको संविधानको धारा, १६८ को उपधारा (४) बमोजिम कोशी प्रदेशसभाबाट विश्वासको मत लिन भदौ ३ गते गतेको कार्य सूचीमा समावेश गर्ने गरी प्रदेशसभा नियमावली २०७४ पहिलो संशोधन सहितको नियम १२८ को उपनियम १ र २ बमोजिम विश्वासको मत प्राप्त गर्न प्रस्तावसम्बन्धी सूचनापत्र दर्ता गराउनु भएको थियो।

***भारदह अस्पतालमा ...***

छुट्याइएको छ।

कार्यक्रममा प्रदेश सांसदद्वय सतिशकुमार सिंह, मो. सकिल अली, कंचनरुप नगरपालिकाका नगर प्रमुख ललनप्रसाद गुप्ता, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, बलानबिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव लगायतले शुभकामना दिएका छन्।


## मोटरसाइकल हराएको सूचना

सप्तरी जिल्लाको सप्तकोशी नगरपालिका वडा नं, २ घर भएको म बिजय कुमार चौधरीको घर आङ्गनबाट २०८० साल साउन १३ गते राति १२-०१ बजे पछि मैरै नाउँ मै दर्ता रहेको प्र.१-०५-००१प-५५४९ नम्बको बजाज कम्पनीको २२० सीसीको खैरो रङ्गको एनएस मोटरसाइकल चोरी भइ गएकोले उक्त मोटरसाइकल सम्बन्धमा कुनै कतै केही खबर पाउनु भएमा मेरो मोबाइल नम्बरमा वा नजिकको प्रहरी चौकीमा खबर गरि दिनु हुन हार्दिक अनुरोध गर्दछु। यस्तो सूचना दिनु हुने महानुभावलाई उचित पुरस्कार समेत दिने प्रतिबद्धता व्यक्त गर्दछु।

विजयकुमार चौधरी
सप्तकोशी नगरपालिका, वार्ड नं, २
मोबाइल : ९८५२०६०८२२/९८०१५४६२४५


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्वार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्वार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ं आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५. आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### भारतको मणिपुरमा जारी हिंसामा तीन जनाको मृत्यु

नयाँ दिल्ली, १ भदौ, (रासस-सिन्ह्वा)।

भारतको उत्तरपूर्वी राज्य मणिपुरमा शुक्रबार बन्दुकधारीहरूले कुकी समुदायका तीनजना सदस्यको हत्या गरेको प्रहरीले जनाएको छ।मणिपुरको राजधानी शहर इम्फालबाट करिब ३३ किलोमिटर उत्तरपूर्वमा रहेको उखरुल जिल्लाको थोवाई कुकी गाउँमा दिउँसो ती पुरुषहरूलाई गोली हानी हत्या गरिएको थियो।

"गाउँको पूर्वमा रहेको पहाडबाट हतियारधारी आतङ्कारीहरूको समूह गाउँमा पसेर गाउँका गार्डहरूमाथि गोली चलाउन थाले। घटनामा गाउँका तीन जनाको मृत्यु भएको छ," उखरुलका एक वरिष्ठ प्रहरी अधिकारी निङ्शेम वासुमले बताएका छन्। मारिएका मानिसहरू स्वेच्छाले गाउँको सुरक्षा गरिरहेको बुझिएको छ।

हत्यापछि सरकारी सेना आक्रमणकारीलाई पक्रन गाउँमा पुगेका थिए। बहुसङ्ख्यक मेइती समूह र आदिवासी कुकी अल्पसङ्ख्यकबीच जातीय द्वन्द्वका कारण जारी हिंसामा हालसम्म राज्यमा १५० भन्दा बढीको ज्यान गएको छ। भीडले तोडफोड र आगजनी गरेको छ, जसमा सयौं घर र पसलहरू जलाइएको छ।

### हाइटीमा दुई प्रहरीसहित तीस जना मारिए

पोर्टऔप्रिन्स, १ भदौ (रासस/एएफपी)।

मानवीय, राजनीतिक र सुरक्षा सङ्कटले नराम्रोसँग गाँजेको क्यारिबियन मुलुक हाइटीमा दुई आपराधिक समूहबीच भएको झडपमा दुई जना प्रहरीसहित ३० जना मारिएका छन्। आक्रमणमा १२ जनाभन्दा बढी घाइते भएका छन्।

स्थानीय मानव अधिकार समूह नेशनल ह्युमन राइट्स डिफेन्स नेटवर्कका अनुसार राजधानी शहरको क्यारेफोर-फ्युइलेस र आसपासका घरमा आक्रमणसँगै आगो लगाउँदा र दुई प्रहरी अधिकारीको पनि मृत्यु भएको छ।

छिमेक गिरोहहरूको लागि एक रणनीतिक क्षेत्र हो, जसले हाइटीको राजधानी पोर्टऔप्रिन्सको ८० प्रतिशत भूभागमा यिनै आपराधिक समूहको नियन्त्रण छ। फिरौतीको लागि अपहरण, बलात्कार र सशस्त्र चोरी, मोटरमालिक वा चालकलाई धम्क्याएर गाडीको चोरी तथा हिंसात्मक अपराध यहाँ सामान्य मानिन्छन्।

दुई समूहबीच भएको झडपका क्रममा आफ्नो घरमा आक्रमण हुँदा पोर्टऔप्रिन्स निवासी डोमिनिक चार्ल्सले आफ्नी आमा, सौतेनी बुबा, १८ वर्षीय छोरा, दुई बहिनी र एक जना भाइ गुमाएको बताइन्। आफू भने भागेर बाँच्न सफल भएको उनले जनाइन्।

पछिल्ला दिनमा यहाँ हिंसाका घटना बढेपछि पाँच हजार बासिन्दा पलायन भएका छन्। विस्थापितमध्ये केहीले विद्यालय वा स्थानीय खेलकुद केन्द्रमा शरण लिएका छन्भने अन्य विस्थापित सडकमा नै गुजारा गरिरहेका छन्। उनीहरूलाई सरकारी अधिकारीहरूले खाना र पानीको व्यवस्था गरेका छन्।

### हेलिकोप्टर दुर्घटनामा १२ नाइजेरियाली सेनाको मृत्यु

अबुजा, १ भदौ, (रासस-एएनआई)।

नाइजरमा सोमबार हेलिकोप्टर दुर्घटना हुँदा २४ जना नाइजेरियाली सुरक्षाकर्मीको मृत्यु भएको छ। अबुजाबाट २४९ किलोमिटर उत्तरमा मृतक र घाइते सैनिकहरू बोकेको सो हेलिकोप्टर दुर्घटना भएको अल जजीराले उल्लेख गरेको छ। नाइजर राज्यको शिरोरो स्थानीय सरकारी क्षेत्रको चुकुबा गाउँमा सशस्त्र डाकुहरूको आक्रमणमा घाइते भएका र मारिएका सिपाहीहरूलाई उद्धार गर्न सो हेलिकोप्टर परिचालन गरिएको थियो।

नाइजेरियाली सेनाका प्रवक्ता मेजर जनरल एडवर्ड बुबाले बिहीबार अबुजामा आयोजित पत्रकार सम्मेलनका क्रममा सो घटनाको पुष्टि गर्नु भएको हो।उहाँले दिएको जनाकारी अनुसार दुर्घटनाको समयमा विमानमा १४ जना सैनिक सवार थिए। त्यसैगरी सात जना अन्य घाइते रहेको जसमा दुई जना विमान चालक र दुई जना चालक दलका सदस्य रहेको बताइएको छ।

स्थानीय समाचारअनुसार हेलिकोप्टर चुकुबामा दुर्घटना हुनुअघि डाकुहरूले मारिएका सुरक्षाकर्मीको शव निकाल्दै थियो। स्रोतहरूले जनाएअनुसार सशस्त्र व्यक्तिहरूले अत्याधुनिक हतियार बोकेका थिए जसबाट हेलिकोप्टरमाथि आक्रमण गरिएको हुन सक्छ।

उक्त हेलिकोप्टर कडुना एयरफिल्डबाट मिन्नाको लागि उडेको तर यसको कडुना र मिन्ना दुबैबाट नियन्त्रण टावरसँग सम्पर्क विच्छेद भएको थियो। प्रिमियम टाइम्सका अनुसार स्थानीय आउटलेटडोगो गिडे, डाकुहरूको समूहको कुख्यात नेता जसले नाइजर र चाडको देशहरूको सिमानामा उत्तरपश्चिमी नाइजेरियाका केही भागहरूमा आतङ्क माच्चाएका छन्। आक्रमणको जिम्मेवारी पनि सोही समूहले लिएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको बताइएको छ।

# बालवालिकाको आवाजलाई स्थानिय निकायले सम्बोधन गर्नुपर्छ



**दैनिक समाचारदाता**
**राजविराज, १ भदौं ।**

बस्तीस्तरवाटै बालवालिकाको समस्याहरूलाई स्थानिय निकायले सम्बोधन गर्नुपर्नेमा सरोकारवालाहरूले शुक्रबार राजबिराजमा आयोजित एक कार्यक्रममा जोड दिएका छन ।

नागरिक समाज सुदृढिकरण परियोजना अन्तर्गत बिश्वव्यापी आवधिक महासन्धी १९८९ सम्बन्धी सरोकार निकाय सँग अन्तरसंवाद कार्यक्रममा स्थानिय तहले बालवालिकाको बिकासका लागी बालभेलालाई योजनाको रूपमा स्थानिय निकायले अनिवार्यरूपमा समेटनुपर्ने बताएका छन् ।

सो कार्यक्रममा जिल्ला समन्य समिति सप्तरीका प्रमुख शिबनारायण साहले वालवालिकाहरूको बिकासलाई मध्यनजर गर्दै उनीहरूको अधिकारका लागी १८ वटै स्थानिय तहसँग समन्वय गरेर अगाडि बढने प्रतिबद्धता जनाए । यस्तै उपप्रमुख शम्भु यादबले बालवालिकाहरूको अधिकार सवालमा नीतिगत रूपमा निर्णय भएपनि कार्यन्वयन चरण प्रभावकारी नभएको भन्दै स्थानिय तहले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा गैसस महासंघ नेपालका बरिष्ठ उपाध्यक्ष ध्रुव देवले व्यक्ती भन्दा बिधिको शासन भएमात्र बालवालिकाहरूको गुणस्तरिय शिक्षा सँगै कुनै पनि वालवालिकाहरू अधिकारवाट बञ्चित नहुने बताए ।

तिलाठीकोईलाडी गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश झाले बस्तीस्तरवाटै बालवालिकाहरूको समस्याहरूलाई स्थानिय निकायले सम्बोधन गर्नुपर्नेमा जोड दिए । स्थानिय तहले बालवालिकाको बिकासका लागी बालभेलालाई योजनाको रूपमा स्थानिय निकायले अनिवार्य रूपमा समेटनुपर्ने बताए ।

सो अवसरमा कन्सोर्टियम नेपालका अध्यक्ष मोहन दंगलले सन् २०२१ नोभेम्बर २१ मा भएको संयुक्त राष्ट्रको आवधिक समिक्षामा नेपाल सरकारले बालबालिका माथि हुने दण्डसजाय तथा यातनाको अन्त्यको लागि बिशेष पहल लिने, बिभिन्न आधारमा बालवालिकाहरूमाथि हुने भेदभाव अन्त्यको लागि संयन्त्र निर्माण गर्ने प्रतिबद्धता गरेको बताए ।

यस्तै स्वडेन सेभरिज, सेभ द चिल्ड्रेन, सबल नेपाल, कन्सोर्टियम नेपालको संयुक्त आयोजनामा बालअधिकार सन्धी सम्बन्धमा सरोकारवालासँग संवाद गरिएको छ ।

उक्त अवसरमा बिश्वव्यापी आवधिक समिक्षाको पृष्ठभुमि, मानवअधिकारको समीक्षा, गैर सरकारी संस्था र नागरिक समाजले पनि बिश्वव्यापी आवधिक समिक्षा वारेमा सम्वाद गरिएको छछस ।

जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहको अध्यक्षतामा आयोजित कार्यक्रममा जिसस उपप्रमुख शम्भु यादब, खडक नगरपालिका उपप्रमख रिता चौधरी, सुरूङ्गा नगरपालिका ५ का अध्यक्ष लिलाराम चौधरी, सेभ द सप्तरी अध्यक्ष ध्रुब देव, सबल नेपालका कार्यक्रम अधिकृत नीर बहादुर आले मगर सगरमाथा आपाङ कल्याण संघका अध्यक्ष बलेदव मण्डल, राजबिराज नगरपालिका महिला बिकास शाखा अधिकृत अनिता चौधरी, सुरूङ्गा नगरपालिका महिला बिकास निरिक्षक रिंकु यादब, तिलाठीकोईलाडी गाउपालिका कार्यक्रम अधिकृत राजेश झा, सबल नेपालका संस्थापक अशोक साह, आसमान नेपाल कार्यक्रम अधिकृत शान्ता सिंह, गैसस सप्तरी कोषाध्यक्ष रिया राय, जिल्ला बाल संजालका अध्यक्ष सलमा खातुन, पत्रकार कृष्णा मण्डल, अरूण यादबलगायत सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो ।

# वालिका तथा समावेशी शिक्षा सम्बन्धी कार्यविधि पारित हुने



**दैनिक समाचारदाता**
**राजविराज, १ भदौं ।**

राजबिराज नगरवालिकाले वालिका तथा समाबेशी शिक्षा सम्बन्धी कार्यविधि पारित गर्ने भएको छ। शुक्रबार राजबिराज नगरपालिको सभाहलमा आयोजित बालिका तथा समाबेशी शिक्षा संजालको बैठकले बालिका तथा फरक क्षमता भएका वालिका, दलित, समाबेशी अपांग, बिधालय बाहिर रहेको वालिकाको लागी कार्यबिधि बनाएका छन ।

उक्त कार्यबिधिले बिधालय बाहिर रहेका बालिकालाई बिधालय ल्याउने, वालिकाहरूको बालमैत्री कोठा, शौचालय, बालमैत्री धारा, गुनासो सन्यन्त्रको अबस्था केटाले केटीलाई गर्ने दुर्व्यबहार न्युनिकरण जस्ता योजनाहरू रहेको छ ।

कार्यक्रममा राजबिराज नगरपालिका निमित्त प्रमुख प्रशासकिय अधिकृत भोगेन्द्र यादबले बालिकाहरूको सम्पुर्ण क्षेत्रको अबस्था वारेमा, लैंगिक मैत्री वातावरण वारेमा पालिका गम्भीर भई कार्यान्वयनमा जोड दिने प्रतिबद्धता जनाए ।

उनले भने बिधालय ब्यबस्थापन समितिले बिधालयको संरक्षण, मर्मत सम्भार, सरसफाई, अनुगमन र जनताप्रति उत्तरदायी भई बिधालयको शैक्षिक अबस्थामा सुधारमा एकजुट हुनुपर्ने बताए ।

निर्माण गरिएको कार्यबिधि बोर्ड बैठकमा पेश भईसकेकोले आउने बैठकमा पारित भएसँगै पालिका अन्तर्गत वालक्लवहरूको भेलाले नगरस्तरिय संजाल गठन गर्ने, बालबिबाह न्युनिकरण र यौन दुर्व्यवहार लगायत जनचेतनामुलक कार्यक्रमका लागि यस आर्थिक बर्षमा संचालन गरिने महिला, वालवालिका शाखा अधिकृत अनिता चौधरीले बताईन ।

यसैगरी आसमान नेपाल आरम्भ परियोजनाका कार्यक्रम अधिकृत शान्ता कुमारी सिंहले बिधार्थीहरूको सुरक्षाको अबस्था र बिधालयमा दिवा खाजाको ब्यबस्थापन गर्ने, शिक्षा र स्वास्थमा पहुँच पुर्याउने, बिधालय बाहिर रहेका वालिकाहरूलाई बिधालय भित्र ल्याउने, सुरक्षाको भुमिका लगायत कार्ययोजना बनाई कार्यान्वयन गर्ने बताईन ।

कार्यक्रममा राजबिराज समाजिक बिकास अधिकृत रामचन्द्र दास, स्वास्थ शाखा प्रमुख निरन्जन यादब, राजदेबी माबि ब्यबस्थापन समिति अध्यक्ष डम्वर नारायण यादब, नरेन्द्र मेमोरियल माबि बोरियाका प्रधानाध्यापक रमानन्द सुनरैत यादब, केअ माबिका सहायक प्राधानाध्यापक निलम मिश्रा, सबल नेपालका अशोक साह, पबिमाबिका बिरेन्द्र बिश्वकर्मा, बहिरावालक स्कुल शिक्षिका चाँदनी यादब, पत्रकार चन्दन यादब लगायतले बालिकाको समाबेशी शिक्षालाई सबल बनाउनुपर्नेमा जोड दिए ।

जिकेसी/युकेएडको आर्थिक सहयोगमा आसमान नेपालको साझेदारीमा पिस ईन निड नेपालको प्राबिधिक सहयोग र आरम्भ परियोजना अन्तर्गत राजबिराज नगरपालिकामा वालिका तथा समावेशी शिक्षा सन्जालको बैठक सम्पन्न गरेको हो ।

# साना करदातालाई सहुलियत

काठमाडौं, १ भदौ (रासस) ।

सरकारले साना करदातालाई मूल्य अभिवृद्धि कर (भ्याट) मा सहुलियत दिएको छ। यसअघि वार्षिक रु एक करोडसम्म कारोबारको विवरण मासिकरूपमा बुझाउनु पर्ने गरिएकोमा सरकारले चार महिनाको समय दिएको हो ।

आन्तरिक राजस्व विभागले शुक्रबार एक सूचना जारी गर्दै साना करदातालाई कर सहभागिता लागत र समय दुवै घटाएर सहुलियत दिइएको हो । साना करदाताले अब साउनदेखि कात्तिकसम्मको कर विवरण मङ्सिर २५ गतेभित्र बुझाउन सक्नेछन् । यस्तै, मङ्सिरदेखि फागुनसम्मको विवरण फागुन २५ गतेभित्र र चैतदेखि असारसम्मको कर विवरण साउन २५ गतेभित्र पेश गर्ने सुविधा दिएको छ। यद्यपि मासिकरूपमा कर विवरण बुझाउन चाहने करदातालाई सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा १५ दिनभित्र जानकारी गराउनसमेत विभागले आग्रह गरेको छ ।

**रु एक करोडमाथिको विवरण मासिक**

विभागले वार्षिकरूपमा रु एक करोडभन्दा बढी कारोबार गर्ने व्यवसायीलाई भ्याट विवरण मासिकरूपमा नै बुझाउन आग्रह गरेको छ । यसअघि त्यस्ता करदाताले द्वैमासिकरूपमा कर विवरण दाखिला गर्ने गरेका थिए ।

"मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा संशोधन भई साविकमा रहेको ईंटा उद्योग, होटल, पर्यटन तथा चलचित्र घरले चाहेमा विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ भन्ने व्यवस्था खारेज भएको छ", विभागले जारी गरेको सूचनामा भनिएको छ, "संशोधित व्यवस्थाअनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका वार्षिक रु एक करोडभन्दा बढीको कारोबार भएका ईंटा उद्योग, होटल, पर्यटन तथा चलचित्र घरले २०८० साउनदेखि मासिकरूपमा मूल्य अभिवृद्धि करको विवरण दाखिला गर्नुपर्नेछ ।"

चालु आर्थिक वर्षको बजेट तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ संशोधनअनुसार कर विवरण दाखिला अवधि परिवर्तन भएको विभागले जनाएको छ । विभागका सूचना अधिकारी राजुप्रसाद प्याकुरेलले बजेट तथा नियमावलीअनुसार कर विवरण दाखिलाको समय परिवर्तन भएको बताउनुभयो ।

# आगलागिमा तीन लाख बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौं ।**

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं.६ गोरगामा टोलमा बिहीबार आगलागि हुँदा तीन लाख मुल्य बराबरको क्षति भएको छ ।

स्थानीय हरि नारायण यादव, छोरा ओम प्रकाश यादव र राम अवतार यादवको संयुक्त गाईगोठमा बालेको घुरबाट आगलागी हुँदा गोठमा रहेको पंखा, साईकल, मोटर, काठ गरी तीन लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

उक्त आगो नेपाल प्रहरी र स्थानियवासीको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*